"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

संस्थाको सूचना तथा गतिविधी सम्प्रेषणको लागि

बाराही Info Bulletin

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

वर्ष १६ । अंक २ । कार्तिक, २०८२/०८३

संस्थाको २६ औं वार्षिक साधारण सभा सम्पन्न ।

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को २६ औं वार्षिक साधारण सभा मिति २०८२ आश्विन ३ गते शुभकामना पार्टी प्यालेस, कालँचा-४ भक्तपुरमा सदस्य नं. ९३५ का नारां कृष्ण त्यातको प्रमुख आतिथ्यतामा संस्थाका अध्यक्ष राधेश्याम सुवालको सभापतित्वमा सम्पन्न भएको छ ।

साधारण सभा तयारी समितिका संयोजक एवं संस्थाका उपाध्यक्ष बलराम प्रजापतिबाट उपस्थित सम्पुर्ण सदस्यहरूलाई स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथिबाट पानसमा दिप प्रज्वलित गरी साधारण सभाको उद्घाटन गनुभएको थियो । उक्त कार्यक्रममा संस्थाका सचिव बिष्णु प्रसाद सुवाल, कोषाध्यक्ष रत्न केशरी सुखुपायो र लेखा सुपरिवेक्षण समितिका संयोजक बालकृष्ण नागाबाट क्रमश प्रतिवेदन पेश गर्नुभएको थियो ।

संचालक सदस्य पुनेन्द्र प्रसाद कुसीले उद्घोषण गरेको सभामा संस्थाका उत्कृष्ट ऋणी सदस्य १ जना, उत्कृष्ट नियमित बचतकर्ता १ जना, संरक्षित पुँजी फिर्ता कोष वितरणमा ऋण र बचत तर्फ बढी योगदान गर्ने २ जना, सदस्यता वृद्धिमा ४ जना, शेयर पुँजी बृद्धिमा ४ जना, २०८१ मा एस.ई.ई उत्तीर्ण विद्यार्थीहरू ३७ जना, बासुरी बाजा प्रशिक्षार्थी २८ जनालाई उक्त कार्यक्रममा सम्मान पत्र तथा कदर पत्र वितरण गरिएको थियो ।

उक्त साधारण सभामा स्रोत व्यक्ति भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष कृष्ण गोविन्द लाखाजुबाट ७५ प्रतिशतको हाराहारीमा उपस्थिति रहेको सदस्यहरूलाई सहकारी सम्बन्धी वित्तीय साक्षर गराउनु भएको थियो ।

४ महिने बासुरी बाजा प्रशिक्षण समापन ।

विश्व सम्पदा सूचिमा रहेको भक्तपुर नगरपालिकामा अवस्थित यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.बाट सदस्यहरू तथा जन समुदायहरूको विश्वास कमाउन्दै आर्थिक सामाजिक उत्तरदायित्व र सँास्कृतिक स्थायीत्व कायम गर्दै २०८२ साल बैशाख २१ गते शुरू भएको ४ महिने आधुनिक बासुरी बाजा प्रशिक्षण मिति २०८२ असोज २ गते सम्पन्न भएको थियो ।

सँास्कृतिक बाजा गाजा बासुरी भनेको नेवार समुदायको पहिचान हो । त्यसैले नयाँ पुस्ताका बाल बालिकालाई संस्कृति हस्तान्तरण गर्ने र नेवारी समुदायको जीवन्तता दिने उद्देश्यले संचालित बासुरी बाजा प्रशिक्षण तालिम रभिम कपाली प्रशिक्षकद्धारा सहभागि जम्मा २८ जना युवा वर्गलाई आफुसंग भएको बासुरी कला हस्तान्तरण गर्नु भएको थियो ।

नेवार समुदायको संस्कृति र कलाको जगेर्ना गर्ने गरी मिति २०८२ असोज २ गते स्थानीय नासमनाको **ना:स द्यो र हेमाँ द्यो** पुजा गरी बासुरी बाजाको समापन(पिधानेगु) गरी असोज ३ गते सम्पन्न २६ औं वार्षिक साधारण सभामा जम्मा २८ जना सहभागि प्रशिक्षार्थीहरूलाई सभापति राधेश्याम सुवालले प्रमाण पत्रबाट दिक्षित गरेको थियो ।

अनिवार्य नियमित बचत गर्ने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा सहकारी ऐन, नियमानुसार संस्थामा सदस्य भएपछि नियमित रुपमा मासिक बचत गर्नुपर्ने सहकारी मूल्य मान्यता रहेको सदस्यहरूलाई अवगत नै होला । संस्थामा नियमित मासिक बचत गर्न यस संस्थाबाट समय समयमा विभिन्न माध्यमबाट सूचना प्रकाशित गरिएको भएता पनि सबै सदस्यहरूले मासिक नियमित बचत गर्न नआएको हुँदा मिति २०८२/०६/०३ गते सम्पन्न संस्थाको २६ औं वार्षिक साधारण सभाबाट ६ महिनाको समयावधि तोकी नियमित मासिक बचत गराउन सूचना जारी गरिने र तोकिएको समय अवधिभित्र नियमित मासिक बचत गर्न नआएका सदस्यहरूको सदस्यता खारेज गर्ने निर्णय भएकोले सो मितिले ६ महिनाभित्र मासिक बचत गरी नियमित बचतलाई निरन्तरता गरिदिनुहुन अनुरोध गर्दछ ।

प्रकाशन उप-समिति
संयोजक : श्री विष्णु प्रसाद सुवाल
सदस्य : श्री रूमन श्रेष्ठ

सम्पादक
व्यवस्थापक : श्री शिवजी हाकुदुवाल
सह-सम्पादक : श्री कल्पना दुवाल

प्रकाशन
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-४, भुलाँचा, भक्तपुर, फोन नं: ०१-६६११३६४
E-mail: sbarahisaccos@gmail.com,
Website: www.barahisaccos.com.np

लेआउट डिजाईन तथा मुद्रण:
फाईन अफसेट प्रेस
ग:पली-४, बाराहीस्थान, भक्तपुर । फोन नं.: ०१-६६१४४८३

हालको कायम व्याजदर

क्र. सं.	बचत प्रकारहरू	व्याजदर (%)	क्र. स.	बचत प्रकारहरू	व्याजदर (%)
१	नियमित बचत	५	७	शैक्षिक बचत	३.५
२	बाल बचत	४	८	ऐच्छिक बचत	२.५
३	खुत्रुके बचत	३.५	९	स्वास्थ्य बचत	३.५
४	महशुल बचत	३.५	१०	बिमा बचत	३.५
५	गहना बचत	३.५	११	दैनिक बचत	३
६	सवारी साधन बचत	३.५	१२	घर निर्माण बचत	३.५

क्र.सं.	आवधिक बचत	व्याजदर		
		एकमूष्ट	त्रैमासिक	मासिक
१	३ महिने	३		
२	६ महिने	३.५	३.२५	३
३	१ वर्ष वा सोभन्दा माथि अवधिको	४.५	४.२५	४

६८ वर्ष देखिका जेष्ठ सदस्यहरूको आवधिक बचतमा कायम व्याजदरमा ०.२५ प्रतिशत थप हुनेछ ।

क्र.सं.	ऋण शिर्षक	व्याजदर
१	ब्यापार/ब्यवसाय ऋण	९.७५
२	हायर पर्चेज ऋण	९.७५
३	सामाजिक ऋण	१०
४	आवधिक बचत धितो ऋण	+२
५	घडेरी/घर निर्माण ऋण	९.७५
६	शैक्षिक ऋण	८
७	कृषि ऋण	७
८	घरजग्गा ब्यवसाय ऋण	९.७५
९	पून निर्माण ऋण	७.५
१०	व्यवसायिक ऋण	९.७५
११	व्यवसाय ऋण	९.७५
१२	उद्योग ब्यवसाय ऋण	७.५
१३	३ महिने पूनरूथान ऋण	७
१४	६ महिने पूनरूथान ऋण	८
१५	१ वर्ष पूनरूथान ऋण	९
१६	व्यवसाय निरन्तरता ऋण	९
१७	सामुहिक व्यवसाय ऋण	७.५
१८	निक्षेप धितो ऋण	७.५

प्रकाशकीय

सदस्यको समृद्धि, सहकारीको प्रगति

सहकारीको मूल मर्म भनेकै सामूहिक प्रयासबाट व्यक्तिगत र सामुदायिक विकास हासिल गर्नु हो । यसै लक्ष्यलाई आत्मसात् गर्दै श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो स्थापनाकालदेखि नै सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक उन्नतिमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ । यस त्रैमासिक प्रकाशित इन्फो बुलेटिन मार्फत हामीले विगत तिन महिनामा गरेका कार्यक्रम र भावी योजनाहरूको समिक्षा गर्दै अगाडिको मार्गचित्र प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

विगत तीन महिनाको अवधिमा, सामाजिक परीक्षण, लेखा परीक्षण, बासुरी बाजा प्रशिक्षण, साधारण सभामा विभिन्न विधामा सम्मान कार्यक्रम जस्ता गतिविधिहरूले हाम्रा सदस्यहरूलाई संस्थाको बारेमा सुसुचित गर्ने र जीवनस्तर उकास्नमा महत्वपूर्ण भूमिका खेलेको छ । यी कार्यक्रमहरूमा भएको सदस्यहरूको उत्साहजनक सहभागिताले हामीलाई थप ऊर्जा मिलेको छ । यो केवल वित्तीय कारोबारको मात्र नभई सामाजिक एकताको पनि उदाहरण हो ।

यद्यपि, हामी सबैलाई थाहा छ कि नेपालको सहकारी क्षेत्रमा केही चुनौतीहरू पनि देखा परेका छन्। खराब वित्तीय व्यवस्थापन र कमजोर नियमनका कारण केही सहकारी संस्थामा समस्या देखिएको छ, जसले समग्र सहकारी अभियानप्रति जनविश्वासमा कमी आएको छ । यस्तो अवस्थामा, यस संस्थाले सुशासन, पारदर्शिता र कडा आन्तरिक नियमनलाई प्राथमिकता दिंदै आएको छ । हामी हाम्रा प्रत्येक सदस्यको बचत सुरक्षित राख्न र संस्थाको दिगो विकास सुनिश्चित गर्न प्रतिबद्ध छौं ।

आगामी समयमा पनि हामी हाम्रा कार्यक्रमहरूलाई निरन्तरता दिनेछौं । यस अवधिमा हामी प्रविधिमैत्री सेवा विस्तार गर्ने, युवा वर्गका लागि दुवोको माला र सुपारी लान प्रयोग गर्ने सजावट तालिम र सदस्यहरूका लागि विभिन्न स्वास्थ्य शिविर, सहकारी शिक्षा, ऋणी सदस्य अन्तरक्रिया कार्यक्रम, उद्यमशिलता सम्वन्धी अभिमुखिकरण तथा शसक्तिकरण कार्यक्रमका योजनाहरू ल्याउने तयारीमा छौं ।

अन्तमा, श्री बाराही साकोसको दिगो विकासका लागि हामी हाम्रा सम्पूर्ण सदस्यहरूलाई संस्थाका हरेक गतिविधिमा सक्रियतापूर्वक सहभागी हुन र आफ्ना सुझाव तथा सल्लाहहरू उपलब्ध गराउन हार्दिक अनुरोध गर्दछौं ।

अहिलेको आवश्यकता सदस्यहरूको सक्रिय सहभागिता, कुशल व्यवस्थापन र सरकारी नियमनको परिपालना अनिवार्य छ । संस्थाले आफ्ना गौरवमय इतिहास र असल अभ्यासहरूलाई निरन्तरता दिंदै सहकारी क्षेत्रका विकृतिहरूलाई निर्मूल पार्न अरू सहकारीहरूलाई पनि प्रेरित गर्नुपर्छ । जबसम्म सहकारीहरूले सदस्यको विश्वास जित्न सक्दैनन्, तबसम्म यो आन्दोलनले दिगो सफलता पाउन सक्दैन । त्यसैले, अहिलेको संकटलाई अवसरका रूपमा लिएर यस संस्थाले सुशासन र पारदर्शितालाई आफ्नो मूल मन्त्र बनाएर अघि बढ्नुपर्छ । हाम्रो लक्ष्य केवल नाफा कमाउनु मात्र नभई सदस्यहरूको जीवनमा वास्तविक र सकारात्मक परिवर्तन ल्याउनु हो । तपाईंहरूको विश्वास र साथ नै हाम्रो सबैभन्दा ठूलो शक्ति हो ।

अध्यक्षको मन्तव्य

श्री राधेश्याम सुवाल
अध्यक्ष

नेपाल सम्बत् ११४६ को शुभकामना सन्देश

संस्थाका सदस्यहरूलाई सूचना सम्प्रेसन गर्ने माध्यमको रूपमा विगत १६ वर्ष देखी निरन्तर बाराही बुलेटीन प्रकाशन गरि आएको छ । यस प्रकाशनबाट संस्थाको गतिविधि उजागर गर्ने र आवश्यक सूचना प्रवाह गर्न सदस्यहरू सम्म पुऱ्याउन सकिने भएकोले संस्थाको महत्वपुर्ण माध्यमको रूपमा रहेको विश्वास गरिएको छ ।

तत्कालीन अवस्थामा सहकारी ऐन २०४८ बमोजिम दर्ता भएको यस संस्थाले स्थापना कालदेखी सदस्य सेवामा केन्द्रित रही सहकारी मुल्य मान्यता अनुसार संचालन र व्यवस्थापन गरि आएको छ । २०५६ सालमा दर्ता भै कार्य संचालनमा रहेको यस संस्थाले २०७२ को भुकम्प, महामारी कोभिड–२०७६ को बन्दाबन्दी अवस्थामा समेत निरन्तर रूपमा सदस्यहरूलाई सेवा पुऱ्याई आएको थियो ।

कोभिड महामारी देखी व्यापार व्यवसायमा आएको गिरावटले आर्थिक चलायमान हुन सकेको छैन । संस्थामा आवद्ध सदस्यहरू आर्थिक कारोबार नहुँदा सिमित सहकारी संस्थामा राखेको बचत रकम समेत फिर्ता दिन नसक्दा सहकारी प्रति विश्वासमा कमि आएको छ ।

समुदायमा संचालन भएका स्थानीय सहकारी संस्थाहरूलाई सदस्यहरूको विश्वास यथावत भै वित्तीय कारोबार निरन्तर भै आएको छ । लगानी नहुँदा बैंक वित्तीय संस्थाहरूले दिने बचत व्याजदरमा कमी आएको छ । तथापि संस्थामा रहेको तरलता व्यवस्थापन गर्न नसक्दा निश्क्रिय रकम बढेको छ जस्ले गर्दा संस्था संचालनमा बाधा व्यवधान आई निरन्तरता दिन गाह्रो हुने सहकारी अभियान्ताले चिन्ता व्यक्त गरि रहेको छ । अतः सहकारी संस्थाको सुरूवात देखी समाजमा आवद्ध रहेका सदस्यहरूको आर्थिक सामाजिक एवं साँस्कृतिक विकास गर्न टेवा पुऱ्याई रहेको यर्थाथलाई मनन गर्नुपर्दछ । सहकारी संस्थाहरूलाई जीवन्त राखी सहकारीको माध्यमबाट समुदायको आर्थिक विकासमा टेवा पुऱ्याउनु अपरिहार्य छ । जस्को लागि नेपाल सरकारको सम्बन्धित नियमकारी निकाय एवं सहकारी अभियान्ता चनाखो हुनुपर्दछ । नीति निर्माणमा आवश्यक संशोधन परिमार्जन गरी सहज ढंगबाट समुदायको विकास गर्न सहकारी संस्था परिचालन गर्नु पर्दछ ।

मानव सभ्यता प्रविधि युगमा रमाई रहेका छन्, सामाजिक सञ्जालबाट संस्थाको गतिविधि सूचनाहरू सुसुचित गराउने गरेको भएपनि सबै सदस्यहरूले डिजिटल प्रविधिलाई पुर्णत आत्मसाथ गर्न सकिएको छैन त्यसकारण भौतिक रूपमा हेर्न बुझ्न जानकारी लिन सकिने प्रतिवेदन छपाई तथा बुलेटिन प्रकाशनलाई पनि साथसाथै अगाडी सदस्यहरू समक्ष पस्किन्दै आएका छौं आशा छ यस प्रकाशनको माध्यमबाट सहकारी संस्थाको परिवारले संस्थाको गतिविधिहरूलाई बुझ्ने, मनन गरी आत्मसाथ गरि सहकारी प्रवर्द्धनमा टेवा पुगेको छ ।

साधारण सभा सम्बन्धी जानकारी मुलक विस्तारित बैठक सम्पन्न ।

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको मिति २०८२ भदौ ६ गतेको निर्णय अनुसार संस्थाको कार्यक्षेत्र भित्रका सदस्यहरूलाई भेगीय रूपमा २६ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी तथा सुझाव संकलन गर्ने उद्देश्यले देहाय बमोजिमका मिति, समय र स्थानमा संस्थाबाट ४ वटा नगरपालिका भित्र विस्तारित बैठक सम्पन्न भएको थियो ।

उक्त विस्तारित बैठक औपचारिक रूपमा मञ्च आसनबाट कार्यक्रम सुरूवाट गरियो । मञ्चमा संस्थाका अध्यक्ष राधेश्याम सुवालको सभापतित्वमा कार्यक्रम संचालन हुँदा संस्थाका संचालक चंचल कर्माचार्यले विस्तारित वैठक संचालन गर्नुको औचित्यता माथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भएको थियो ।

सचिव बिष्णु प्रसाद सुवालले साधारण सभामा पेश गर्ने प्रस्ताव तथा चालु आ.व. को लागि पेश गरेको वार्षिक कार्यक्रम योजना र संस्थाको गतिविधि प्रस्तुत गर्नुभएको थियो ।

कोषाध्यक्ष रत्न केशरी सुखुपायोले संस्थाको वित्तीय विवरणका साथै आठौं चौंवर्षिय व्यवसायिक रणनीतिक योजनाबारे छोटकरीमा प्रस्तुती प्रस्तुत गर्नुभएको थियो साथै लेखा सुपरिवेक्षण समितिका संयोजक बाल कृष्ण नागाले आगामी साधारण सभामा सममै उपस्थित भई वर्ष भरिको संस्थाको गतिविधि एवं कारोबार बारे जानकारी लिने र आवश्यक राय सुझाव पेश गर्ने गरि कार्यक्रम अवधिभर बसी सदस्यको जिम्मेवारी एवं कर्तव्य परिपालना गर्न गराउन अनुरोध गर्नुभएको थियो ।

मिति २०८२ भदौ १३ गते सुशिला भैरव कटुञ्जे, मिति २०८२ भदौ १४ गते तालाको दोगन, बोलाछे., मिति २०८२ भदौ १९ गते भ.न.पा–१ स्थित सल्लाघारी कम्प्लेक्स र मिति २०८२ भदौ २० गते भौखेल स्थित लक्ष्मी नारायण कृषि सहकारीमा विस्तारित बैठको कार्यक्रममा सहभागि सदस्यहरूबाट राख्नु भएको जिज्ञासा एवं प्रश्नहरूको सम्बन्धमा संस्थाका अध्यक्ष राधेश्याम सुवालले प्रष्ट पार्दै आफ्नो मन्तव्य राख्नु भएको थियो ।

संरक्षित पुंजी फिर्ता कोषबाट सम्मान ।

आ.व. २०८१/०८२ को संरक्षित पुँजी फिर्ता कोषमा रू. २४,५९,५३३।- रकम मध्ये नीति बमोजिम ऋणमा ६० प्रतिशतको रू. १४,७५,७१९।८० र बचतमा ४० प्रतिशतको रू. ९,८३,८१३।२० बाट अनुपातिक रूपमा योगदानको आधारमा बाँडफाँड गर्दा सबैभन्दा बढि प्रोत्साहन स्वरूप रकम फिर्ता पाउनेहरू मध्ये ऋण तर्फ सदस्य नं. १५२० का श्री रविन्द्र प्रजापति र बचत तर्फ सदस्य नं. ८६७ का श्री मदन सुवाललाई संस्थाका अध्यक्ष श्री राधेश्याम सुवालज्यूबाट नगद तथा सम्मान पत्र प्रदान गर्नुभयो ।

वागीश्वरी मा. वि. बाट श्री बाराही साकोसको अध्ययण अवलोकन भ्रमण ।

मिति २०८२/०४/१६ गते वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्ण प्रसाद धन्छा सरको संयोजकत्वमा वागीश्वरी मा वि कक्षा ११ व्यवस्थापन संकायका ३९ जना विद्यार्थीहरू र वागीश्वरीका कर्मचारी रोशनी श्रेष्ठ सहित भक्तपुरका सहकारीहरूमध्ये श्री वाराही बचत तथा ऋण सहकारी संस्था लि लाई छनौट गर्नु भई संस्थामा अध्ययण भ्रमणका लागि आउनु भएको थियो । संस्थाका उपाध्यक्ष बलराम प्रजापतिको सभापतित्वमा सम्पन्न अध्ययण अवलोकन भ्रमण कार्यक्रममा संस्थाका सचिव विष्णु प्रसाद सुवालवाट स्वागत, संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालवाट संस्थागत प्रस्तुती गरी वित्तीय साक्षर गराउनु भयो भने प्राचार्य कृष्ण प्रसाद धन्छा, संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक वालकृष्ण नागा समेतले वोल्नु भएको थियो ।

उत्कृष्ट ऋणी सदस्य सम्मान ।

आ.व. २०८१/०८२ को वार्षिक ऋण कारोबारमा ऋण सापटी लिई भाखा भित्र किस्ताबन्दीमा सांवा व्याज बुझाई ऋण चुक्ता गर्ने ऋणीहरू मध्ये गोला प्रथाबाट छनौट भएका सदस्य नं. १६१७ का ऋणी श्री केशव तमखुज्यूलाई यस वर्षको उत्कृष्ट ऋणी छनोट गरी संस्थाका अध्यक्ष राधेश्याम सुवालज्यूबाट २६ औं वार्षिक साधारण सभामा प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो ।

उत्कृष्ट नियमित बचत सदस्य सम्मान ।

संस्थाको बचत नीति अनुसार प्रत्येक महिनामा नियमित बचत गर्ने सदस्यहरू मध्ये गोलाप्रथाबाट सदस्य नं.११५४ का कृष्ण गोपाल गणेजुज्यूलाई आ.व. २०८१/०८२ को उत्कृष्ट नियमित बचत सदस्यका रूपमा प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गरि सम्मान गरियो ।

असल ऋणी बनौं

- नियमित व्याज तिरौं ।
- कबुलियत बमोजिम सांवा व्याज भुक्तानी गरौं ।
- भाखा भित्र सांवा व्याज भुक्तानी गरौं ।
- नियमानुसार किस्तावन्दी व्याज भुक्तानी गरौं ।
- ऋण र व्याजमा बिलम्ब शुल्क नलाग्ने गरी भुक्तानी गरौं ।
- ठूलो ऋण रकमको सेवा लिई समयमा भुक्तानी गरौं ।
- संस्थाको हरेक कार्यक्रममा सहभागी बनौं ।
- नियमित बचत गरौं ।

एस.ई.ई तह पुरा गरेका विद्यार्थीहरूलाई पुरस्कार तथा प्रशंसा-पत्र वितरण ।

संस्थाको २६ औं वार्षिक साधारण सभामा २०८१ सालको एस.ई.ई परीक्षामा उत्तीर्ण भएका सदस्य तथा सदस्यका छोराछोरीहरूबाट प्राप्त भएको लाब्धाङ्क पत्रको आधारमा जम्मा ३७ जना निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरू रहेको थियो । जसमा उत्कृष्ट हुने १/१ जना विद्यार्थीहरू मध्ये सदस्य नं. २६१८ का इन्द्र लक्ष्मी त्वायनाकी छोरी वागिश्वरी मा.वि.का विद्यार्थी इच्छा ह्यौमिखा र सदस्य ४५६ का कृष्ण सुन्दर अवालको छोरी लनर्स एकेडेमीका विद्यार्थी कृषा अवाल गरि दुई जनालाई प्रशंसा-पत्र तथा जनही नगद पुरस्कार रू. ५०००।-, साथै बाँकी ३५ जना एस.ई.ई तहका छात्रछात्राहरूलाई सभाध्यक्ष राधेश्याम सुवालज्यूबाट प्रशंसा-पत्र प्रदान गर्नुभयो ।

सदस्यता वृद्धि सम्मान ।

संस्थाको सदस्यता नीति बमोजिम संस्थामा आवद्ध सदस्य, कर्मचारी र पदाधिकारीहरूबाट सबै भन्दा बढी सदस्यता वृद्धि गरि संस्थालाई सहयोग गर्नुहुने सदस्यहरूलाई वार्षिक रूपमा सम्मान गर्दै आएको हुनाले आ.व. २०८१/०८२ मा संस्थाका सदस्यहरू मध्येबाट सबैभन्दा बढी सदस्यता वृद्धि गर्नुहुने भीम बहादुर भुजु, संचालक पदाधिकारी सृजन ग्वाछा, उपसमितिका पदाधिकारीहरूबाट जमुना त्वायनाबासु र कर्मचारीहरूबाट अतुल सुजखुलाई २६ औं वार्षिक साधारण सभामा सदस्यता वृद्धि सम्मानबाट सभाध्यक्ष राधेश्याम सुवालले कदर पत्र तथा मायाको चिनो प्रदान गरि सम्मान गर्नु भएको थियो ।

श्री बाराही साकोसको सामाजिक परीक्षण सम्पन्न ।

यस संस्थाबाट आर्थिक, सामाजिक तथा साँस्कृतिक गतिविधिहरूका साथ समुदायमा रहेका जन समुदायहरूलाई सेवा दिदै आएको हुनाले आर्थिक लेनदेनको परीक्षणका साथसाथै यस वर्ष सामाजिक उत्तरदायित्व बहन गरेको सेवा सुविधा प्रदान गरिएको, संस्थाको पुर्वाधारको उपयुक्तता भए नभएको, संस्थाको सवल पक्ष, सुधार्नुपर्ने पक्ष, नीतिगत व्यवस्था, मानव स्रोत साधनको व्यवस्थापन, प्रविधि, भौतिक संरचना आदीको सहि सदुप्रयोग भए नभएको साथै प्रर्याप्तताको बारेमा अध्ययन अवलोकन गरी आ.व.२०८१/०८२ को सामाजिक परीक्षण रिसर्च सेन्टर फर बेटर गभर्नेन्स प्रा .लि का सामाजिक परीक्षण कर्ता हरि भक्त जोशीबाट सम्पन्न गरियो ।

सामाजिक परीक्षण गर्दा भए गरेका गतिविधिहरूको पुनरावलोकन हुने, कमी कमजोरी सुधार हुने, योजना तथा विकासको पुर्वाधार तयार हुने, क्षमता अभिवृद्धि हुने, त्रुटिपुर्ण कार्य सुधार हुने, सामाजिक उत्तरदायित्व बहन हुने आदीका कारण यस संस्थाले पहिलो पटक सामाजिक परीक्षण सम्पन्न गरिएको छ ।

शेयर थप सदस्य सम्मान ।

आ.व. २०८१/०८२ मा शेयर थप गरि शेयर पुँजी रू. १,००,०००।- शेयर रकम पुऱ्याउने सदस्य नं. ७५ का कान्छा काजी खत्री, सदस्य नं २१३ का राम प्रसाद मानन्धर, सदस्य नं. ५३२ का सुन्दर भेले र सदस्य नं. १७०४ का विश्व राम लोहला गरी जम्मा ४ जना शेयर सदस्यहरूलाई सभाध्यक्ष राधेश्याम सुवालबाट कदर-पत्र र मायाको चिनो प्रदान गर्नुभयो ।

साधारण सभाबाट पारित/अनुमोदन तथा निर्णयहरूः

२६ औं वार्षिक साधारण सभा मिति २०८२/०६/०३ गते शुक्रबारका दिन शुभकामना पार्टी प्यालेस कालँाचा, भक्तपुर-४ मा संस्थाका सदस्य नं. ९३५ का बयोबृद्ध सदस्य नारां कृष्ण त्यातको प्रमुख आतिथ्यतामा र संस्थाका अध्यक्ष राधेश्याम सुवालको सभाध्यक्षतामा साधारण सभा सम्पन्न भएको थियो । उक्त साधारण सभामा तपसिलमा उल्लेखित प्रस्तावित विषयहरूको निर्णय तथा अनुमोदन पारित भएको थियो ।

छलफलका विषयहरू

१. आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन पारित सम्वन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित सम्वन्धमा ।
३. आ.व.२०८१/०८२ को लेखापरीक्षण एस भण्डारी एण्ड एसोसिएट्सबाट गराउने सञ्चालक समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
४. आ.व. २०८१/०८२ को आर्थिक कारोवार, नाफा नोक्सान तथा वासलात हिसाव पारित सम्वन्धमा ।
५. आ.व. २०८१/०८२ को शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६. चालु आ.व.२०८२/०८३ को लागि बाह्रय लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्वन्धमा ।
७. चालु आ.व.२०८२/०८३ को अनुमानित श्रोत तथा उपयोग र आय-व्यय बजेट कार्यक्रम पारित सम्वन्धमा ।
८. आ.व. २०८१/०८२ को सामाजिक परीक्षणको प्रतिवेदन पारित सम्बन्धमा ।
९. आ.व. २०८१/०८२ मा संचालक समिति र उपसमितिहरूबाट भए गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
१०. आठौं, चार वर्षे (आ.व.२०८२/०८३ देखि आ.व. २०८५/०८६) को व्यवसायिक रणनीतिक योजना पारित सम्बन्धमा ।
११. विनियम संशोधन सम्बन्धमा ।
१२. संस्थाको विनियम-२०५६ पुनर्लेखन सम्बन्धमा ।
१३. संस्थाको विभिन्न आन्तरिक नीति नियमहरू संशोधन तथा परिमार्जन प्रस्ताव पारित तथा अनुमोदन सम्वन्धमा ।
१४. संस्था एकिकरण सम्बन्धमा ।
१५. विशेष प्रस्ताव सम्बन्धमा ।
१६. निर्णय प्रमाणिकरणका लागि सदस्य प्रतिनिधिहरू चयन गर्ने सम्बन्धमा ।
१७. विविध ।

निर्णय नं. १

आ.व. २०८१/०८२ को वार्षिक कार्य प्रगति प्रतिवेदन संस्थाको संचालक समितिको तर्फवाट सचिव श्री बिष्णु प्रसाद सुवालले प्रस्तुत गर्नु भएको प्रतिवेदन यस सभावाट पारित गरियो ।

निर्णय नं. २

संस्थाका लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री बाल कृष्ण नागाबाट प्रस्तुत आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यस सभावाट पारित गरियो ।

निर्णय नं. ३

लेखापरीक्षक एस भण्डारी एण्ड एसोसिएट्सका सि.ए सागर भण्डारीद्धारा प्रस्तुत आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन पारित तथा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

संस्थाका कोषाध्यक्ष श्री रत्न केशरी सुखुपायोद्धारा प्रस्तुत लेखापरीक्षक एस भण्डारी एण्ड एसोसिएट्सका सि.ए सागर भण्डारीद्धारा तयार गरेको लेखा परीक्षण प्रतिवेदन अनुसार आ.व. २०८१/०८२ को आय व्ययको आधारमा कुल बचत रू. १,३९,५३,६८६।३९ र सम्पत्ती तथा दायित्व रू. १,०१,५६,८९,९५२।४७ वासलात हिसाव रहेको वित्तीय प्रतिवेदन यस सभावाट पारित गरियो ।

निर्णय नं. ५

क. लाभांश

संस्थाको आ.व. २०८१/०८२ को वित्तीय कारोबारको आधामा लेखा परीक्षणबाट कोष बाँडफाँड भई शेयर लाभांश कोषमा रू. ४७,६४,११५।९१ रहेको छ । उक्त रकमलाई चुक्ता शेयर पुँजीको आधारमा ६ प्रतिशत नगद लाभांश वितरण गर्ने संचालक समितिको निर्णय पारित गरियो ।

ख. संरक्षित पुँजी फिर्ता कोष

आ.व. २०८१/०८२ को लेखा परीक्षणबाट संरक्षित पुँजी फिर्ता कोषमा रू. २४,५९,५३३।२५ छुत्याइएको छ । संस्थाको संरक्षित पूँजी फिर्ता कोष वितरण निर्देशिका-२०७९ अनुसार ऋण तर्फ ६० प्रतिशत र बचत तर्फ ४० प्रतिशत अनुपात सदस्यहरूको वित्तीय कारोबारको आधारमा वितरण गर्ने संचालक समितिको निर्णय यस सभावाट पारित गरियो । उल्लेखित शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष रकम प्रत्येक सदस्यको सदस्य सुविधा बचत खातामा जम्मा गर्ने व्यवस्था मिलाईएको छ ।

निर्णय नं. ६

चालु आ.व. २०८२/०८३ को लागि वाह्य लेखापरीक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा सूचना आव्हान गर्दा देहाय बमोजिमका प्रस्तावहरू पेश भएकोले उल्लेखित लेखा परीक्षकहरू मध्ये क्रमगत रूपमा पहिलो क्रम अनुसार प्राथमिकता दिने गरि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने र लेखा परिक्षकको पारिश्रमिक रू. २,२६,०००।- (अक्षरेपी दुई लाख छबीस हजार रूपैयाँ मात्र ।) भ्याट सहित दिने संचालक समितिको निर्णय यस सभाबाट पारित गरियो ।

क. चौलागाई एन एण्ड एसोसिएट्स
ख. एस भण्डारी एण्ड एसोसिएट्स
ग. जे भण्डारी एण्ड एसोसिएट्स
घ. आर पाण्डे एण्ड एसोसिएट्स
ङ. न्यौपाने वाइ एण्ड एसोसिएट्स

निर्णय नं. ७

संस्थाको आठौं चौवर्षिय व्यवसायिक रणनीतिक योजना (२०८२/०८३ देखि २०८५/०८६) को आधारमा संचालक समितिले निर्णय गरे बमोजिम संस्थाको चालु आ.व. २०८२/०८३ को श्रोत तथा उपयोग तर्फ रू. १,१४,७०,५८,०००।- र आय ब्यय रू. १०,०६,३२,९००।- हुने वित्तीय प्रक्षेपन कोषाध्यक्ष श्री रत्न केशरी सुखुपायोज्यूले प्रस्तुत गरिएको अनुमानित वित्तीय प्रतिवेदन यस सभावाट पारित गरियो ।

निर्णय नं. ८

आ.व. २०८१/०८२ को सामाजिक परीक्षण रिसर्च सेन्टर फर बेटर गभर्नेन्स प्रा .लि का सामाजिक परीक्षण कर्ता हरि भक्त जोशीबाट पेश गरेको सामाजिक परीक्षण प्रतिवेदन पारित तथा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९.

आ.व. २०८१/०८२ मा संचालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूले गरेको निर्णय तथा कार्यान्वयन भएका संस्थागत कार्यक्रमहरू यस सभाबाट पारित गरियो । साथै चालु आ.व. २०८२/०८३ को लागि संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरू र व्यवस्थापकलाई निम्नानुसारको भत्ता सुविधा तथा पारिश्रमिक प्रदान गर्ने यस सभाबाट पारित गरियो ।

क. संचालक/लेखा सुपरिवेक्षण समितिः- प्रति बैठक प्रति व्यक्ति बैठक भत्ता रू. १२००।-
ख. उपसमितिः- प्रति बैठक प्रति व्यक्ति बैठक भत्ता रू. ९००।-
ग. संघ संस्थाको तालिम तथा कार्यक्रममा प्रतिनिधि सहभागी वापतको सुविधाः- प्रति व्यक्ति रू. १२००।-
घ. संचार सुविधा (वार्षिक एक पटक) :- अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजकलाइ प्रति व्यक्ति प्रति वर्ष रू. ८०००।- को मोवाइल रिचार्जको व्यवस्था ।
ङ. संचालक समितिका सदस्य र लेखा सुपरिवेक्षण समितिका सदस्यलाई प्रति व्यक्ति प्रति वर्ष रू. ६०००।- संचार सुविधा ।
छ. उपसमितिका सदस्यहरूलाई प्रति व्यक्ति प्रति वर्ष रू. ४०००।- संचार सुविधा ।
ज. व्यवस्थापकको मासिक तलव/पारिश्रमिकः- रू. ५३,६४३।-, तलब बृद्धि रू. ५,३६४।३०, ग्रेड १७८८।-, सामाजिक सुरक्षा कोष, इन्धन खर्च रू. ४०००।-, मानव संशाधन नीति अनुसार दशैं खर्च, बोनस, बैठक भत्ता, संचालक समितिले निर्णय गरे अनुसार अन्य सुविधा ।

निर्णय नं. १०

संस्थाको आठौं व्यवसायिक रणनीतिक योजना (२०८२/०८३ देखि २०८५/०८६) को संचालक समितिको निर्णयलाई यस सभावाट पारित गरियो ।

निर्णय नं. ११ विनियम संशोधन

सहकारी ऐन-२०७४ नियमावली-२०७५ बमोजिम सहकारी संस्थाको विनियममा आवश्यक संशोधन गर्नुपर्ने भएकोले संस्थाको विनियम २०५६ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी संचालक समितिले विभिन्न समयमा गरेको निर्णय पारित तथा अनुमोदनको लागि साधारण सभामा दशौं विनियम संशोधन २०७९ र २०८० प्रस्ताव पेश गरेको भएतापनि नियामक निकायबाट स्विकृत हुन बांकी रहेको हुनाले पुनः यस वर्षको साधारण सभामा दशौं विनियम संशोधन-२०८२ प्रस्ताव संलग्न तीन महले विवरण अनुसार पेश गरेको प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

संस्थाको विनियम-२०५६ संशोधित दफाहरू संग्रहित गर्ने ।

संस्थाको विनियम-२०५६ लाई सहकारी ऐन नियममा व्यवस्था भए बमोजिम विभिन्न समयमा संशोधन तथा पारित गरि सम्बन्धित निकायबाट स्विकृति भएका विनियम संशोधनहरूलाई संग्रहित गर्ने उद्देश्यले सहकारी ऐन २०७४ को दफा २७ अनुसार सहकारी संस्थाको संशोधित विनियम संग्रहित गरी संस्थाको विनियम-२०५६ प्रकाशित गर्न आवश्यक भएकोले नियामक निकाय भुमि व्यवस्था, सहकारी तथा गरिबि निवारण मन्त्रालय, सहकारी विभाग, वागमती प्रदेश हेटौडामा स्विकृतिका लागि पेश गर्ने प्रस्ताव यस सभाबाट पारित तथा अनुमोदन गरियो ।

निर्णय नं. १३ आन्तरिक नीति, नियम संशोधन

संस्था संचालनको लागि आवश्यक नीति, निर्देशिका, कार्यविधि संशोधन तथा परिमार्जन गरि विभिन्न समयमा संचालक समितिबाट निर्णय गरि लागु भएका तपसिल बमोजिमका नीति नियमहरू यस सभाबाट अनुमोदन गरियो ।

१. ऋण व्यवस्थापन नीति-२०८१ पहिलो संशोधन २०८२

१.१. संस्थाको ऋण व्यवस्थापन नीति-२०८१ को परिच्छेद ५ को उपदफा ४१ मा ऋणमा पाकेको व्याज नियमित बुझाउनेलाई व्याज छुटको व्यवस्थालाई संशोधन गरि खारेजी गर्ने निर्णयलाई सभाबाट अनुमोदन गरियो ।

१.२. संस्थाको ऋण व्यवस्थापन नीति-२०८१ को दफा ४७ बमोजिम जोखिमको आधारमा ऋण वर्गिकरणलाई सहकारी विभागको एकिकृत निर्देशिका बमोजिम ४ भागमा विभाजन गरिएको निर्णयलाई सभाबाट पारित गर्ने निर्णय गरियो ।

१.३. संस्थाको ऋण व्यवस्थापन नीति-२०८१ को दफा ४८ बमोजिम जोखिमको व्यवस्थापनमा भाखा नाघेको ऋणको गणनालाई सहकारी विभागको एकिकृत निर्देशिका बमोजिम असल ऋण, कमसल ऋण, संकास्पद ऋण र खराब ऋण गरि ४ भागमा विभाजन गरिएको निर्णयलाई सभाबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १४.

सहकारी ऐन २०७४ को दफा ८७, सहकारी नियमावली २०७५ को दफा ३९ तथा संस्थाको विनियम २०५६ को दफा ७१ अनुसार सदस्यहरूलाई क्षेत्रगत सेवा सुविधा दिने उद्देश्यले कार्यक्षेत्र भित्रका अन्य इच्छुक समानान्तर सहकारी संस्थासंग आवश्यकता र औचित्यताको आधारमा अन्य कुनै सहकारी संस्था र यस सहकारी संस्था बिच एकिकरण गर्न वा संस्थाले अर्को कुनै सहकारी संस्थासंग एकिकरणका लागि सहकारी ऐन, नियम बमोजिम संस्था एकिकरण प्रस्ताव पेश गर्ने निर्णय अख्तियारी संस्थाको संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ बिशेष प्रस्तावहरू

क. नियमति बचत नगर्ने सदस्यको हकमा सदस्यता खारेजी सम्बन्धमा

संस्थामा आवद्ध रहेका सदस्यहरूले सहकारी ऐन अनुसार अनिवार्य नियमित मासिक बचत गर्नुपर्नेमा सदस्यहरूले क्रमिक रूपमा नियमित बचत नगर्ने सदस्यहरूलाई ६ महिनाको समय भित्र बचत गर्न अनुरोध गर्ने र सो अवधि भित्र नियमित बचत गर्न नआएमा संचालक समितिको निर्णय अनुसार सम्पर्क भएको बखत भुक्तानी दिने गरि खारेजी सदस्यहरूको बचत रकम भुक्तानी दिनुपर्नेमा हिसाब मिलान गर्ने निर्णय यस सभाबाट पारित गरियो ।

ख. शेयर पुँजी वृद्धि सम्बन्धमा

संस्थाको शेयर प्रवर्द्धन नीति बमोजिम क्रमिक रूपमा शेयर पुँजी वृद्धि गर्ने प्रावधान अनुसार यस चालु वर्ष न्यूनतम शेयर पुँजी रू.१,०००।- नपुगेका सदस्यहरूलाई पुऱ्याउन ६ महिना समयावधि तोकी अनुरोध गर्ने । संचालक समितिको निर्णय अनुसार तोकीएको समय भित्र न्यूनतम शेयर पुँजी नभएका सदस्यहरूको सदस्यता खारेज गरी भुक्तानी दिनुपर्नेमा हिसाब मिलान गर्ने निर्णय यस सभाबाट पारित गरियो ।

निर्णय नं. १६

२६औं वार्षिक साधारण सभामा पारित तथा अनुमोदन भएको निर्णय पुस्तिकामा साधारण सभामा उपस्थित सदस्यहरूको तर्फबाट प्रतिनिधित्व गरी प्रमाणित गर्न सदस्यहरूले स्वः घोषित रूपमा तपसिल बमोजिमका सदस्यहरू प्रस्तावित भएकोले सभाबाट स्विकृतीका लागि स.नं. ४१२५ का बुद्धिनाथ दाहाल, स.नं. ११८३ का विक्रम जाकिबन्जार, स.नं. ३४६६ का संगिता त्वाती, स.नं. २३५३ का ज्ञानेन्द्र सुवाल, स.नं. ३५११ का नारायण भक्त दुवाल, स.नं. २०१९ का आस राम त्वायना, स.नं. ५९२१ का रिया त्वायना, स.नं. ५९३६ का रोजिना नागाजु, स.नं. ३७९७ का सुजाता प्रजापति, स.नं. १५१७ का इन्द्र भक्त बखुन्छें, स.नं. २७२२ का सम्झना खुलीमुली, स.नं. २००४ का मंगला देवी कस्ती र संचालक समितिका ११ जना समेत गरी जम्मा २३ जनाले निर्णय पुस्तिकामा प्रमाणित गरिएको छ ।

निर्णय नं. १७

विविध विषय नरहेको ।

सदस्य पहिचान (KYM) फारम भर्ने ससम्बन्धी ससूचना ।

नेपाल सरकार सहकारी विभागद्धारा जारी गरिएको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ सस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार सस्थामा आवद्ध सम्पुर्ण शेयर सदस्यहरूले ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं. र अन्य विवरण) भएमा पनि सदस्यता पहिचान फारम (KNOW YOUR MEMBER- KYM) भर्नुहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

पुनश्च: नियमित मासिक बचत तथा सदस्यता पहिचान अद्यावधिक नहुने सदस्यहरूको खाता सुचारू नहुने समेत जानकारी गराइन्छ ।

श्री बाराही साकोसको उन्नति र सहकारी आन्दोलनको भविष्य

सहकारी सिद्धान्तहरूमा आधारित रही आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापित श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो यात्रा निरन्तर अगाडि बढाइरहेको छ। विशेषगरी समुदायमा आधारित भई सदस्यहरूको जीवनस्तर उकास्नका लागि साकोसले पुऱ्याएको योगदान प्रशंसनीय छ । तर, हाल नेपालको समग्र सहकारी क्षेत्रमा देखिएका समस्या र त्यसले सिर्जना गरेको चुनौतीका माझ श्री बाराही साकोसजस्ता संस्थाले थप सतर्कता र रणनीतिक योजना सहित अघि बढ्नुपर्ने आवश्यकता छ ।

सफलताका सूचकहरू:

श्री बाराही साकोसले स्थापनाकालदेखि नै सदस्यहरूको बचत गर्ने बानीको विकास गर्ने र आवश्यकता अनुसार सहुलियतपूर्ण ऋण उपलब्ध गराउने काम गर्दै आएको छ । वित्तीय पहुँचबाट टाढा रहेका स्थानीय समुदायलाई वित्तीय सेवाको मूलधारमा जोड्न यसले महत्वपूर्ण भूमिका खेलेको छ । हालै संस्थाले सदस्यहरू तथा कर्मचारीको लेखन कला अभिवृद्धिका लागि समाचार लेखन तालिम सम्पन्न गरेको छ, जसले संस्थाभित्रको आन्तरिक क्षमता विकासमा पनि साकोस सचेत रहेको देखाउँछ । यस्ता क्रियाकलापले संस्थाको आन्तरिक सुशासन र पारदर्शिता बढाउन मद्दत पुऱ्याउँछ ।

सामुदायिक र साँस्कृतिक विकास तथा प्रर्वद्धन गर्ने उद्देश्यले हाल संस्थाले ४ महिने बासुरी बाजा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । यसले युवा वर्गलाई सहकारी प्रति केन्द्रत गर्ने समुदायमा आधारित सहकारीको परिचय दिने कार्य गर्दछ । तसर्थ यस सहकारीबाट बचत तथा ऋणको कार्य मात्र नभई साँस्कृतिक क्षेत्रमा पनि प्रर्वद्धन गरेको पाईन्छ ।

सहकारी ऐन नियम अनुसार असोज महिना भित्र लेखा परीक्षण गरी कर चुक्ता र साधारण सभा सम्पन्न गर्नुपर्ने व्यवस्थालाई मध्यनजर गरी असोज भित्र सो कार्य सम्पन्न गरेको कुरा समेत प्रस्त पाईन्छ ।

चुनौतीपूर्ण वर्तमानः

अहिले नेपालमा सहकारी क्षेत्र इतिहासकै सबैभन्दा कठिन मोडमा छ । केही सहकारीहरूमा देखिएको वित्तीय संकट र ठगीका घटनाले समग्र सहकारी आन्दोलनमाथि नै जनविश्वासमा ह्रास आएको छ । राजनीतिक हस्तक्षेप, कमजोर आन्तरिक सुशासन, व्यवस्थापकीय कमजोरी र अनुगमनको अभावजस्ता कारणले धेरै सहकारी समस्याग्रस्त बन्न पुगेका छन् । यसबाट श्री बाराही साकोसजस्ता राम्रा सहकारीहरू पनि अछुतो रहन सक्दैनन् । सदस्यहरूमा बढेको अविश्वास र एकैपटक बचत फिर्ता लिने होडबाजीले तरलताको संकट निम्त्याउन सक्छ ।

अबको बाटोः

यस्तो अवस्थामा श्री बराही साकोसले आफ्ना सदस्यहरूलाई पूर्ण रूपमा विश्वस्त बनाउँदै संस्थाको वित्तीय अवस्थाबारे जानकारी गराउनु अत्यावश्यक छ । यसका लागि निम्न कदमहरू प्रभावकारी हुन सक्छन्ः

- **पारदर्शिता र सुशासनः** संस्थाका हरेक वित्तीय कारोबार र निर्णयलाई पूर्ण रूपमा पारदर्शी बनाउने । सदस्यहरूलाई वित्तीय विवरणबारे नियमित जानकारी दिने र उनीहरूको गुनासो सुन्ने संयन्त्रलाई बलियो बनाउने ।
- **उत्पादनशील क्षेत्रमा लगानीः** सदस्यहरूको बचत रकमलाई नेपाल राष्ट्र बैंक वा सम्बन्धीत नियमिक निकायले तोकेको तरलता अनुपातलाई व्यवस्थापन गरि बाँकी रकमलाई अनुत्पादक क्षेत्रमा भन्दा कृषि, साना तथा मझौला उद्यम (SMFS) जस्ता उत्पादशील र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्राथमिकता गर्ने ।
- **प्रविधिमा जोडः** मोबाइल बैंकिङ सेवा, कनेक आइ पि एस सेवा र अन्य डिजिटल सेवाहरूको प्रयोग गरी सदस्यहरूलाई सहज र सुरक्षित सेवा उपलब्ध गराउने ।
- **नियमित अनुगमनः** सरकारी निकायहरूको अनुगमनलाई स्वागत गर्दै आन्तरिक लेखापरीक्षण र नियन्त्रण प्रणालीलाई थप बलियो बनाउने ।
- **जोखिम व्यवस्थापनः** ऋण प्रवाह गर्दा थप चनाखो हुने र लगानीको जोखिम व्यवस्थापनमा विशेष ध्यान दिने । समस्याग्रस्त ऋणलाई कम गर्न प्रभावकारी रणनीति अपनाउने ।
- **राष्टिय सहकारी नियमन प्राधिकरणमा आवद्धताः** राष्ट्रिय सहकारी नियमन प्राधिकरणवाट जारी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड २०८२ बमोजिम दर्ता अभिलेखीकरणका लागि आह्वान पश्चात संस्था दर्ता गर्ने ।

निष्कर्षः

श्री बाराही साकोसको दिगो विकासका लागि सदस्यहरूको सक्रिय सहभागिता, कुशल व्यवस्थापन र सरकारी नियमनको परिपालना अनिवार्य छ । संस्थाले आफ्ना गौरवमय इतिहास र असल अभ्यासहरूलाई निरन्तरता दिँदै सहकारी क्षेत्रका विकृतिहरूलाई निर्मूल पार्न अरू सहकारीहरूलाई पनि प्रेरित गर्नुपर्छ । जबसम्म सहकारीहरूले सदस्यको विश्वास जित्न सक्दैनन्, तबसम्म यो आन्दोलनले दिगो सफलता पाउन सक्दैन । त्यसैले, अहिलेको संकटलाई अवसरका रूपमा लिएर श्री बराही साकोसले सुशासन र पारदर्शितालाई आफ्नो मूल मन्त्र बनाएर अघि बढ्नुपर्छ ।

– शिवजी हाकुदुवाल
व्यवस्थापक

सहकारी संस्थाले प्रतिवेदनहरू पेश गर्नु पर्ने नियामनकारी निकायहरू

संघिय नियमनकारी निकायमा सहकारी मन्त्रालय अर्न्तगत सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरण रहेको छ । सात प्रदेशमा ७ वटै प्रदेश सहकारी मन्त्रालय अर्न्तगत सहकारी विभाग वा महाशाखा र ७५३ वटा स्थानीय तथा गाउँपालिकामा सहकारी शाखा र नेपाल राष्ट्र बैंक समेत गरी जम्मा ७६३ वटा नियमन निकाय रहेको छ । सहकारीको नियमनका लागि ७६३ वटै नियमनकारी निकायले कानुनहरू बनाउन सक्ने अधिकार दिइएको छ । सोहि अनुसार सहकारी विभागले निर्देशन दिइरहेको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नियमकीय मापदण्ड २०८१ जारी गरेको छ । प्रदेशले मापदण्डहरू जारी गरेका छन् । स्थानीय तहका नगरपालिका गाउँपालिकाले कानुनहरू निर्माण गरी नियमनका लागि नियम बनाएका छन् । नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, वागमती प्रदेश सहकारी महाशाखाले जारी गरेको नियमकीय मापदण्ड र निर्देशन बमोजिम सम्बन्धीत संस्थाहरूले अवधिका आधारमा तपसिल प्रतिवेदनहरू सम्बन्धीत वा तोकिएको नियामनकारी निकायमा विवरण पेश गर्नुपर्दछ ।

कारोबारको ३ दिन भित्र पेश गर्नुपर्ने विवरण

१) शंकाष्पद कारोबारको विवरण (सहकारी विभागले जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशिक २०७४)

महिनाको ७ दिन भित्र पेश गर्नुपर्ने विवरण

१) विवरण सार्वजनिकरण (२०७९।४।३१ गते जारी सहकारी विभागको निर्देशन ८ बमोजिम)

२) एकीकृत सूचना प्रणाली कोपमिसमा मासिक विवरण (सहकारी विभागको एकिकृत निर्देशन २०८२, दफा ६१ र सम्बन्धीत नगरपालिकाको सूचना बमोजिम)

३) तरलता सम्बन्धी विवरण (मिति २०८२।२।९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी नियामकीय मापदण्ड, २०८२ परिच्छेद ४, को दफा ४ बमोजिम)

१० दिन भित्र पेश गर्नुपर्ने विवरण

१) संस्था र संघले बैंक खाता खोलेको र बन्द गरेको विवरण । (बागमती प्रदेश सहकारी संघ संस्था दर्ता, संचालन अनुगमन सम्बन्धी मापदण्ड, २०७७ को परिच्छेद ४ को उपदफा १४ बमोजिम)

महिनाको १५ दिन भित्र पेश गर्नुपर्ने विवरण

१) अघिल्लो महिनाको तलबको ३१ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने । (सामाजिक सुरक्षा कोषको सूचना बमोजिम)

२) सिमा तथा शंकाष्पद कारोबारको विवरण वित्तीय जानकारी इकाइमा पठाउने । (सहकारी विभागले जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशिका २०७४ को चौथो सशोधनको दफा १३ बमोजिम)

३) कार्यालय प्रमुखको नियुक्तिसम्बन्धी जानकारी १५ दिनभित्र, (प्राधिकरणले जारी गरेको मापदण्ड, २०८२ को परिच्छेद, ७ दफा ४ को ४.३ बमोजिम)

महिनाको २५ दिन भित्र पेश गर्नुपर्ने विवरण

१) अघिल्लो महिनाको अग्रिमकर कट्टि रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला तथा इ.टि.एस. गर्नुपर्ने (आन्तरिक राजस्व कार्यालयको निर्देशिका बमोजिम)

महिना दिन भित्र पेश गर्नुपर्ने विवरण

१) संस्थाको घर जग्गा खरिद सम्बन्धी विवरण । (मिति २०८२।२।९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी नियामकीय मापदण्ड, २०८२ को परिच्छेद ३, दफा १ को उपदफा १.६ बमोजिम)

२) नियमनकारी निकायबाट स्विकृतलिई ATM, QR Code, Mobile Banking लगायतका विद्युतीय प्रविधि प्रयोगका लागि गरेको सम्झौताको प्रतिलिपि (सहकारी विभागको एकिकृत निर्देशन २०८२, दफा ९० बमोजिम)

हरेक त्रैमास समाप्त भएको १५ दिनभित्र पेश गर्नुपर्ने विवरण

१) ऋणको वर्गिकरण र सोको नोक्सानी व्यवस्था विवरण (मिति २०८२।२।९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी नियामकीय मापदण्ड, २०८२ को दफा नं. ८ बमोजिम तालिका ३.१ र ३.२)

२) बचत तथा ऋणको व्याजदर, व्याज गणना विधि, हर्जना विधि र सेवा शुल्क सम्बन्धी विवरण (मिति २०८१।२।९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरण जारी नियामकीय मापदण्ड, २०८२ को परिच्छेद ५ को दफा ३ बमोजिम)

त्रैमास भित्र पठाउनुपर्ने

१) प्रत्येक तिन/तिन महिनामा भाखा नाघेको ऋणको विवरण, (सहकारी ऐनको दफा ८१ को उपदफा ४ बमोजिम)

हरेक त्रैमास समाप्त भएको ३० दिनभित्र पेश गर्नुपर्ने विवरण

१) पूँजीकोषसम्बन्धी विवरण (मिति २०८२।२।९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी नियामकीय मापदण्ड, २०८२ को परिच्छेद ६.को दफा ४ बमोजिम तालिका ६.१ र ६.२)

२) संघ संस्थाले संस्थाको स्वेत पत्र जारी (सहकारी विभागको एकिकृत निर्देशन २०८२, दफा २७ बमोजिम)

चौमासिक विवरण पेश गर्नुपर्ने

१) आन्तरिक लेखा परिक्षण प्रतिवेदन (भक्तपुर नगरपालिकाको सूचना बमोजिम)

६/६ महिनामा पेश गर्नुपर्ने

१) आ.व.को पुष मसान्तसम्ममा श्रम अडिट (श्रम ऐन दफा १०० र श्रम नियमावलीको दफा ५६ बमोजिम)

२) जोखिम तथा मुल्यांकनको प्रतिवेदन
३) कर्मचारीलाई कार्वाही गरेको विवरण (प्राधिकरणले जारी मापदण्ड २०८२, को परिच्छेद ७ को दफा ५ को ५.६ बमोजिम)

आर्थिक बर्ष सकेको ३० दिन भित्र पेश गर्नुपर्ने

१) एकीकृत सूचना प्रणाली कोपमिसमा बार्षिक विवरण (सहकारी विभागको एकिकृत निर्देशन २०८२, दफा ६१ बमोजिम)
२) समिति, ऋण उपसमिति तथा व्यवस्थापकलाई दिइएको ऋण रकमको विवरण (बागमती प्रदेश सहकारी संघ संस्था दर्ता, संचालन अनुगमन सम्बन्धी मापदण्ड, २०७७ को परिच्छेद ४ को उपदफा १४ बमोजिम)

आर्थिक बर्ष सकेको ३५ दिन भित्र पेश गर्नुपर्ने

१) संचालक समितिका पदाधिकारी र कर्मचारीहरूको तोकिएको ढाँचामा सम्पत्ति विवरण (राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी नियामकीय मापदण्ड, २०८२ परिच्छेद ७, दफा २ को उपदफा २.८ बमोजिम)

आर्थिक बर्ष सकेको दुई महिना भित्र पेश गर्नुपर्ने

१) संस्थागत जोखिम तथा मुल्याँकन प्रतिवेदन (सहकारी विभागबाट जारी सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी संघ/संस्थालाई जारी २०७४, चौथो संशोधन को दफा १३ उपदफा २ बमोजिम)
२) बार्षिक समीक्षाको प्रतिवेदन (सहकारी विभागबाट जारी सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी संघ/संस्थालाई जारी २०७४, चौथो संशोधन को दफा १३ उपदफा ७ बमोजिम)

कर्जा सूचना केन्द्रमा रू.दस लाख भन्दा बढीको ऋण कारोबारको
(सहकारी ऐनको दफा ८१ को उपदफा ४ बमोजिम)

साधारणसभा सम्पन्न भएको १५ दिनभित्र पेश गर्नुपर्नेः
(सहकारी विभागको एकिकृत निर्देशन २०८२, दफा १७ र ६७ बमोजिम)

१) साधारण सभाले स्वीकृत गरेको लेखापरीक्षण प्रतिवेदन,
२) साधारण सभाको निर्णयको प्रतिलिपि,
३) लङफर्म प्रतिवेदन,
४) संचालक समितिको नागरिकताको प्रतिलिपि,
५) सदस्यहरूको उपस्थितिको विवरण र
६) निर्वाचन सम्पन्न भएको भए निर्वाचित संचालकहरूको हालसालै खिचिएको फोटो, मोवाईल नंम्बर सहितको तीन पुस्ते विवरण ।

अन्य नियमनकारी निकायले तोकिए बमोजिमका विवरणहरू पेश गर्नुपर्ने ।

बालकृष्ण धोजु
प्रमुख कार्यकारी अधिकृत
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

२०८२ असोज मसान्तसम्मको वासलात विवरण

विवरण	रकम	विवरण	रकम
नगद हिसाब	२८,७४,८८३.००	शेयर पुँजी	७,८२,२९,५००.००
बैंक हिसाब	१३,६१,७३,०९४.४८	कोष हिसाब	८,६१,७८,३६६.२८
लगानी हिसाब	३५,६६,८४,९३६.०८	बचत हिसाब	८२,०८,१८,६४३.७२
पाउनुपर्ने हिसाब	३,५७,६०,३४१.२४	दायित्व हिसाब	५,९८,५६,४९०.४७
ऋण लगानी	४७,२३,९२,८६१.०७	कुल बचत	२,१०८,६०२.५४
स्थिर सम्पत्ति	३,८५,८५,८५३.९६	अवितरित नाफा	-४७,१९,६३३.१८
जम्मा दायित्व	**१,०४,२४,७१,९६९.८३**	**जम्मा सम्पत्ति**	**१,०४,२४,७१,९६९.८३**

२०८२ असोज मसान्तसम्मको नाफानोक्सान विवरण

आय विवरण	रकम	खर्च विवरण	रकम
व्याज आम्दानी	१,०९,८०,४४५.५५	व्याज खर्च	१,०६,२५,५६२.००
अन्य आय	५,१८,७४७.६५	का. सञ्चालन खर्च	५५,९३,२६४.३८
जम्मा आम्दानी	१,१४,९९,१९३.२०	जम्मा खर्च	१,६२,१८,८२६.३८
न्यून आय	४७,१९,६३३.१८		
जम्मा	**१,६२,१८,८२६.३८**	**जम्मा**	**१,६२,१८,८२६.३८**

असोज मसान्तसम्मको तरलता :- ५९.३४ प्रतिशत

जम्मा सदस्य संख्या :- ५८४३ जना । जम्मा ऋणी संख्या :- ३१४ जना

मृतक सदस्य राहत सुविधा ।

आर्थिक वर्ष २०८२/०८३ मा मृतक सदस्य राहत बिमा सुविधामा समावेश भएका सदस्यहरू मध्ये निधन भएका सदस्यहरूका परिवारलाई तपसिल बमोजिम मृतक सदस्य राहत वितरण गरिएको छ ।

क्र.सं.	मृतकको नाम	सदस्य नं.	राहत रकम	क्रिया खर्च
१	कृष्ण नारायण बाटी	४०९१	५००००।	५०००।
२	पुर्ण लक्ष्मी अवाल	९१७	५००००।	५०००।
३	हरि राम कोजु	५२९१	५००००।	५०००।
४	कान्छी मैया सुवाल	१९५०	५००००।	५०००।
५	इन्द्र प्रसाद देउपाला	२४६९	५००००।	५०००।
६	दिल माया माताङ्ग	११२८	५००००।	५०००।
७	राम सुन्दर प्रजापति	३५६४	०	५०००।

संस्थाका विविध गतिविधिहरूको एक झलक

वयोबृद्ध सदस्य ९३५ का नारॉं कृष्ण त्यातलाई साधारण सभामा सम्मान

साधारण सभाको उद्घाटनमा बाँसुरी बाढन गर्नुहुने बाराही बाँसुरीबाजा समुह

सभामा सहकारी प्रशिक्षण गराउनु हुने प्रशिक्षक श्री कृष्ण गोविन्द लाखाजु

सस्थाका पदाधिकारीहरु बिच साधारण सभा सम्बन्धी तयारी बैठक

बागीश्वरी मा.वि बाट श्री बाराही साकोसमा अध्ययन अवलोकन भ्रमण

आ.व. २०८१।०८२ को सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम

सदस्य मृतक राहत वितरण

४ महिने बाँसुरी बाजा प्रशिक्षण समापन कार्यक्रम